नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २११

मितिः २०८२/०९/१७

नेपाल संवत् ११४६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखाको प.सं. २०८२/०८३, च.नं. भ्र.नि./५२१/२१६५, मिति २०८२/०९/१३ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

९/१६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या:८२/८३

च.नं.भ्र.नि/५२१/२१६५

मिति: २०८२/०९/१३

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार।

संघीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 2959
दर्ता मिति:- 2082/09/13

उपर्युक्त सम्वन्धमा मिति २०८२।०९।०७ गते वसेको सचिव वैठकले देहाय वमोजिमको निर्णय गरेको हुनाले सो को कार्यान्वयनको लागि सवै स्थानीय तह तथा मातहतका कार्यालयहरूमा समेत जानकारी गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

" भ्रष्टाचार विरुद्ध निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्वन गरी भष्ट्राचार न्यूनीकरण गर्ने प्रमुख जिम्मेवारी तीनै तहका सरकार (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह)को भएकोले नेपाल सरकारका मन्त्रालय/आयोग/सचिवालय/निकायको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार अन्तर्गतका निकायको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको नेतृत्वमा आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने भ्रष्टाचारको दृष्टिले जोखिमयुक्त विषयवस्तु र क्षेत्र पहिचान गरी ती क्षेत्रमा हुन सक्ने सम्भावित भ्रष्टाचार र अनुचित कार्य नियन्त्रण गर्ने निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू तर्जुमा गरी अभियानकै रूपमा सञ्चालन गर्ने। साथै, अभियान सञ्चालन गर्दा नीजि क्षेत्र, गैरसरकारी तथा सामुदायिक संघ संस्था, आमसञ्चार र विकास साझेदारसँग समेत आवश्यक साझेदारी एवम् समन्वय गर्ने। "

2082/09/13

सूर्य बहादुर वस्नेत

शाखा अधिकृत

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np